
न्यायकर्ता १
LEE WEEKS


यहोशूको जीवनकालभरि, इस्राएलीहरूले पर
मप्रभुको सेवा गरे ।
यहोशूको मृत्युपछि, मानिसहरूले बूढाप्रधानहरूलाई
पछ्याए जसले इस्राएलको निम्ति परमेश्वरले
गर्नुभएका महान् कामहरू देखेका थिए ।
तब अर्को पुस्ता खडा भयो जसले न परमप्रभुलाई चिन्द(
न्थ्यो, न ता उहाँले इस्राएलका निम्ति गर्नुभएको कामहरू
नै जान्दथ्यो ।

JUDGES 2:7-10




न्यायकर्ताहरू ३:१-६




न्यायकर्ता २:१०-१२


कनानीहरूका सर्वोच्च देवता एल थिए । उनी अनियन्त्रित कामुकताका ईश्वर थिए र साथै एक रक्तपिपासु उत्पीडक पनि थिए ।
उनका छोरा बाल स्वर्गका ईश्वर हुन् जसले मौसम तथा आँधीलाई नियन्त्रण गर्छन् भनी मानिसहरूले विश्वास गर्थे ।
उनले मानिसहरूलाई राम्रो फसल दिन्छन् र उनीहरूका बाली( नालीलाई संरक्षण गर्छन् भनी मानिसहरूले उनलाई मान्थे ।
मानिसहरूले उनलाई बलि चढाउँथे र उनको सम्मानमा अनैतिक उत्सवहरू आयोजना गर्थे ।
उनको मन्दिरका कोठाहरूमा पुरुष तथा स्त्रीहरू अनुचित कार्यहरूमा संलग्न रहन्थे ।
एश्तोरेथ नाम गरेकी उनकी श्रीमती वास्तवमै उनकी बहिनी थिइन् जो उर्वरता तथा युद्धकी संरक्षिका हुन् भनी विश्वास गरिन्थ्यो ।
साथै विभिन्न समुदायहरूका माझमा थुप्रै अन्य स्थानीय ईश्वर तथा देवताहरू थिए ।

न्यायकर्ता ३:७–८


इस्राएलीहरू परमेश्वरदेखि तर्केर गएको कारणले उहाँले निर्दयी उत्पीडनका सात वटा अवधिहरू पठाउनुभयो ।
हरेक पल्ट जब मानिसहरूले पुकारा गर्थे, तब परमेश्वरले एउटा छुटकाराकर्ता पठाउनुहुन्थ्यो ।
कुशन रिशतैम  नाम गरेका मेसोपोटामियाका एउटा राजाले इस्राएलीहरूमाथि आठ वर्षसम्म अत्याचार गरेका थिए ।
यो लोभी राजादेखि खाना लुकाउँदा लुकाउँदा म त थाकिसकेँ ।
उसले हाम्रो खाना र स्त्रीहरू दुवै लिएर जान्छ ।
हामीले परमप्रभुलाई त्यागेको कारणले उहाँको क्रोध हाम्रो विरुद्धमा दन्केको छ ।
हामीले अरू ईश्वरहरूलाई पछ्यायौं भने यो हुनेछ भनी मोशाले भनेकै थियो नि ।
मलाई त अति भयो....
जब मानिसहरूले परमप्रभुलाई पुकारा गरे, तब उहाँले कालेबका भतिजा ओत्निएललाई छाने जसले प्रतिज्ञाको देश कब्जा गर्दा यहोशूलाई साथ दिएका थिए ।
हामी ओत्निएललाई पछ्याउँ । यहोवा उनीसित हुनुहुन्छ ।
परमप्रभुले त्यस निरकुंश र ाजालाई ओत्निएलको हातमा सुम्पिदिनुभयो र इस्राएलका बाह्र कुलहरू चालीस वर्षसम्म शान्तिसित रहे ।

न्यायकर्ता ३:७–११




न्यायकर्ता ३:१२-१५




न्यायकर्ता ३:१९–२०




न्यायकर्ताहरू ३:२०-२६


एहूदालाई पछ्याउन सारा देशभरिबाट इस्राएलीहरू आए । तिनीहरूले १0,000 मोआबीहरूलाई मारे र आफ्नो देशलाई पुनर्हासिल गरे ।
यर्दनका घाटहरू पनि कब्जा गरे, यर्दन तर्न तिनीहरूले प्रयोग गर्ने त्यहीँ मात्रै ठाउँ हो ।
न्यायकर्ता ३:१९-२०
अनि असी वर्षसम्म देशले विश्राम पायो ।
यसै अवधिमा अर्को न्यायकर्ता शम्गरले ६00 पलिश्तीहरूलाई एउटा गोरु हाँक्ने सुइराले मारे र इस्राएलको सुरक्षालाई सुनिश्चित गरे ।
न्यायकर्ताहरू ३:२७-३१




न्यायकर्ताहरू ४:१–३


खजूरमुनि बस्ने दबोरा : १२६० ख्री.पू., अगमवादिनी दबोराले परमेश्वरको इच्छा खोज्ने इस्राएलका सबै लाई न्याय तथा मार्गनिर्देशन दिन्थिन् ।
तिनीहरूले अन्नले भरिएका मेरो सबै भकारी जलाइदिए ।
सिपाहीँहरूले मेरी एउटै छोरी चोरेर लगे ।
हामीले पर मप्रभुसित पुकारा गऱ्यौं तर उहाँले सुन्नुभएन ।
हाम्रा पापहरूले सर्वोच्चको आशिष र सुरक्षादेखि हामीलाई बञ्चित गरेको छ ।
यदि हामीले यस देशका देवताहरूलाई पछ्यायौं भने हामीले कष्ट भो ग्नुपर्छ भनी परमप्रभुले भन्नुभएकै थियो नि ।
हामीले ठूलो पाप गरेका छौँ ।
मेरो श्रीमान्‌ले बालको मूर्तिलाई फ्याँकि दिइसक्नुभयो । हामी त एक मात्र परमप्रभु परमे श्वरलाई आराधना गर्छौं र उहाँकै आज्ञाहरू पालन गर्छौं ।
फेरि तिनीहरूले सहायताको लागि पुकारा गरे ।।
बाराक( लाई बोलाऊ । उसलाई मकहाँ ल्याऊ




न्यायकर्ताहरू ४:६–९


युद्धमा बाराकलाई पछ्याउन नप्ताली र जबूलूनको कुलहरूबाट दश हजार पुरुषहरू निस्किएर आए ।
र दबोरा पनि उनीसँग गइन् ।

न्यायकर्ता ४:१०


हेबेर र उनकी श्रीमती याएल युद्धको हल्लादेखि पर थिए ।
तिनीहरू केनीहरू थिए र मोशाकी श्रीमती सिप्पोराद्वारा मोशाको नातेदार भएका थिए ।
तिनीहरू घुमन्तेहरू थिए र इस्राएलीहरूको माझमा बसोबास गरेर तिनीहरूले उनीहरूसित राम्रो सम्बन्ध कायम राखेका थिए ।
सीसेरा र उनको फौज आफ्नो आरक्षित रथबाट बाहिर निस्के ।
यो लडाइँ हुनैपर्ने थियो । यिनीहरू सबै मर्नैपर्छ ।

JUDGES 4:11


तिनीहरूको संख्या १०,००० छन् भन्ने समाचार छ
ठीक छ, मेरो फलामे रथहरूमुनि यी १०,००० धूलोपीठो हुनेछन् ।
तिनीहरूसित त कुनै रथ नै छैन ।
झन् राम्रो ।
इस्राएली सेनाहरू, सेना पनि भनूँ कि नभनूँ, अहिले ताबोर पहाडमाथि भेला भएका छन् ।
यिजरेलको बेँसी, लडाईंको लागि उत्तम ठाउँ ।
आआफ्नो पंक्तिमा बस अनि रगतको खोलो बगेको हेर ।
सीसेरा र उनको रथसहितको सैन्यदलले कहिल्यै लडाईं हारेका छैनन् ।
आज हार्नेछन् । जाओ । आजको दिन परमप्रभुले सीसेरालाई तिम्रो हातमा सुम्पिदिनुभएको छ । के परमप्रभु तिमीहरूको अघि जानुभएको छैन र ?




न्यायकर्ताहरू ४:१५




न्यायकर्ताहरू ४:१५-१६




न्यायकर्ताहरू ४:१६




न्यायकर्ताहरू ४:१६–१७




न्यायकर्ताहरू ४:१८–२०




न्यायकर्ताहरू ४:२१




न्यायकर्ताहरू ४:२२-२४


र त्यस दिन तिनीहरूले दबोराको गीत गाए ।
इस्राएलमा अगुवाहरूले अगुवाइ गरेकामा, मानिसहरूले स्वेच्छापूर्वक आफूलाई दिहालेकामा तिमीहरूले परमप्रभुको प्रशंसा गर ।
हे, राजाहरू, सुन ! परमप्रभु इस्राएलका परमेश्वरका निम्ति म भजन गाउनेछु ।
परमप्रभु इस्राएलका परमेश्वरको सामु पृथ्वी काम्यो...... पहाडहरू थरथर भए ।
जबसम्म म, दबोरा, एउटी आमा झैँ खडा भइनँ इस्राएलको गाउँले जीवन समाप्त भयो ।
जब तिनीहरूले नयाँ नयाँ देवताहरू चुने, तब मूलढोकाहरूमा लडाइँ भयो ।
कनानका राजाहरूले मेगिद्दोको पानीनेर लडाइँ गरे तर तिनीहरूले कुनै लूटको माल लगेनन् ।
आकाशका ताराहरूले लडाइँ गरे । कीशोन खोलाले तिनीहरूलाई बगाएर लग्यो ।
यसरी नै हे परमप्रभु, तपाईंका सबै शत्रुहरू नष्ट भएर जाऊन् ।
तर तपाईंलाई प्रेम गर्नेहरू चाहिँ पूर्ण प्रतापमा पुगेको सूर्य झैँ होऊन् ।
तब देशले ४० वर्षसम्म विश्राम पायो ।